नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं.

## प्रेस विज्ञप्ति

आज मिति २०७९/१०/१५ गते आइतबारका दिन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री माननीय श्री सुशिला सिर्पाली ठकुरी समक्ष लुम्बिनी विकास कोष तथा भाषा आयोगको तर्फबाट भएको ब्रिफ्रिङ्ग कार्यक्रम सम्पन्न भयो। उक्त अवसरमा माननीय मन्त्रीज्यूले लुम्बिनी विकास कोषको गुरुयोजना, कार्यक्षेत्र, कोषमार्फत सम्पादन हुने कार्यहरु, कार्य सञ्चालनको अवस्था, गुरुयोजना कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्या साथै भाषा आयोगबाट सम्पादन भएका कार्यहरु तथा आयोगले भोग्नु परेका विद्यमान समस्याहरु लगायतका विषयहरुका बारेमा जानकारी लिनुभयो।

प्रस्तुतीकरण पश्चात माननीय मन्त्रीज्यूले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको र स्पष्ट कानून, स्रोत र संरचना रहेको लुम्बिनी विकास कोषले लुम्बिनी विकास गुरुयोजना कार्यान्वयन गर्न तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्ययोजना तयार गरी परिणाममुखी ढङ्गले कार्यसम्पादन गर्न निर्देशन दिनुभयो। साथै गुरुयोजना कार्यान्वयनका लागि सक्रिय, रचनात्मक, सिजर्नशिल भई कार्यतालिका निर्माण गरी कार्यसम्पादनमा गुणस्तरीयता कायम गरी बलियो पुरातात्विक संरचना तयार गर्न र संस्कृति, सोच र चिन्तनको संस्कार विकास गर्दै लुम्बिनी क्षेत्रलाई स्वच्छ, सफा र गौरव गर्न लायक सम्पदाको रुपमा विकास गर्न निर्देशन दिनुभयो। साथै भाषा राष्ट्रको परिचय र संस्कृति भएको हुँदा भाषा आयोगले भोग्नु परेका समस्या समाधान गर्न मन्त्रालयले सकारात्मक पहल गर्ने विषय अवगत गराउनुभयो। सोहि क्रममा माननीय राज्यमन्त्रीज्यूले साझा पूँजीको रुपमा रहेको लुम्बिनी क्षेत्रको विकास गुरुयोजना कार्यान्वयनका क्रममा देखा परेका बजेट सम्बन्धी समस्याहरु, प्राविधिक समस्यालाई समन्वयात्मक ढङ्गले समाधान गर्नका लागि साथै ज्येष्ठ नागरिक, असहाय र अशक्तहरुको लागि आराम कक्षहरुको निर्माण गर्नका लागि समेत निर्देशन दिनुभयो।

मितिः २०७९/१०/१५

(राजेन्द्र कुमार के.सी.)
प्रवक्ता/सहसचिव